# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, वैशाख ६ गते २०२३ साल

श्री ५ को सरकार

अर्थ–मन्त्रालयको

सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नेपालगञ्ज मूल भन्सार अन्तर्गत नरैनापुर छोटी भन्सार भवन निर्माण गर्ने कामका लागि निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले जग्गा धनीलाई जग्गाको मोल र जग्गा लिंदाको अरू नोक्सानी बापत क्षतिपूर्ति दिइने हुंदा यो सूचना प्रकाशित गरिएको छः–

जिल्ला बांके मौजे, नरैनापुर पूर्व सडक, उत्तर रामचन्द्र कूर्मीको जग्गा, दक्षिण र पश्चिम ऐ को जग्गा, यति चार किल्लाभित्रको जी. समुन्दा मुराउसीका नाममा दर्ता रहेको मालपोत रू. ३।७५ लागेको जम्मा जग्गा पांच कट्ठा ।

आज्ञाले–

डा. यादवप्रसाद पन्त

श्री ५ को सरकारको सचिव ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## अर्थ–मन्त्रालयको

## सूचना

नेपाल आयकर ऐन, २०१९ बमोजिम आयकर तिर्नुपर्ने करदाताहरूले श्रावण १ गतेदेखि आषाढ मसान्ततकलाई आर्थिक वर्षमा नपर्ने भइरहेकोमा श्री ५ को सरकारले मिति ०२२।८।२५ का निर्णय अनुसार आफ्नै आर्थिक वर्ष अनुसारको हिसाब किताब राख्न पाउने तर वार्षिक रू. ३०,००० (तीस हजार) भन्दा बढी खुद आय हुने करदाताहरूले आफ्नो आर्थिक वर्षमान्दा १ वर्षको पूरा हिसाब किताब तयार नभएसम्मलाई साबिकबमोजिम समितिबाट कर निर्धारण गर्न पाउने गरेको छ ।

खण्ड १४, मिति २०२१।५।२३, संख्या २२ को नेपाल गजेटमा प्रकाशित यससम्बन्धी सूचनालाई खारेज गरिएको छ ।

आज्ञाले–
डा. यादवप्रसाद पन्त
श्री ५ को सरकारको सचिव ।

श्री ५ को सरकार

## अर्थ–मन्त्रालयको

## सूचना

भन्सार ऐन, २०१९ को दफा ९ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नेपाल अधिराज्यको भ्रमणमा आएका सोभियत मैत्रि–मण्डलले नेपाल सोभियत मैत्रीसंघलाई उपहारस्वरूप प्रदान गरेको रसियन जीपकार एकमा लाग्ने भन्सार महसूल पूर्ण नलिने गरी छुट दिएको छ ।

आज्ञाले–
डा. यादवप्रसाद पन्त
श्री ५ को सरकारको सचिव ।

श्री ५ को सरकार

## अर्थ–मन्त्रालयको

## सूचना

"सरकारी रुपैयां" खर्चसम्बन्धी (कार्यविधि) नियमहरू, २०१६ को नियम १ को उप–नियम (२) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले निम्नलिखित अञ्चलका सबै अड्डाखानाहरूमा उक्त नियम लागू हुने मिति २०२३।४।१ तोकिदिएको छः–

१) लुम्बिनी अञ्चल ।
२) राप्ती अञ्चल ।
३) धौलागिरी अञ्चल ।

आज्ञाले–
डा. यादवप्रसाद पन्त
श्री ५ को सरकारको सचिव ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।